# सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित


खण्ड: ७ संख्या:५/०२ मिति:२०८०।०३।२२

भाग:२


**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## आर्थिक ऐन, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता आर्थिक ऐन, २०८० जारी गरेको छ।

सिम्ता गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक विद्ययक २०८०

सिम्ता गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

राकम, सुर्खेत

# सिम्ता गाउँपालिकाको

# आर्थिक ऐन, २०८०

सिम्ता गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मिति : २०८०।३।२२

**प्रस्तावनाः**गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय करतथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालकोसंविधानको धारा २२८ को उपधारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम गाउँपालिकाको **"आर्थिक ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन २०८०साल श्रावण १ गतेदेखिगाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः**गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर कर लगाइने र असूल उपर गरिनेछ । सम्पत्ति करको हकमा कार्यविधि बनाई लागु गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वाआंशिक तवरले वहालमा दिएकोमा **अनुसूची (३)** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची** (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची (५)** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भई संचालनमा हुने अटो रिक्सा, ई रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो को बाँडफाँड कानुन बमोजिम गरिनेछ ।

९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।सो को बाँडफाँड कानुन बमोजिम गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः**(१) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति आफैले निर्माण गरेका कानुन बमोजिम स्वामित्व प्राप्त नगरेका ऐलानी वा पर्ति जग्गामा बनेको संरचनाको लागि अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाईनेछ र असुल उपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम निर्माण भएको संरचनामा कुनै प्रकारको व्यापार व्यवसाय संचालन भएको रहेछ भने उपदफा (२) मा उल्लेख भएको बहाल बिटौरी शुल्कका अतिरिक्त अनुसूची (४) मा उलल्ख भएको व्यवसाय करको दर बमोजिम थप बहाल बिटौरी शुल्क लगाईनेछ र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः**(१) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (११) मा व्यवस्था भए अनुसार सेवा शुल्क र दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको स्थानमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (१३) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **अन्य शुल्क तथा जरिवाना:**(१) यस ऐन र प्रचलित कानुन बमोजिमको कर समयमा नबुझाएमा वा गाउँपालिकाको नियम पालना नगरेमा अनुसूची (१४) मा उल्लेख भए बमोजिम जरिवाना असुल उपरगरिनेछ । साथै समयमै कर तथा राजश्व बुझाउने र अनुसूची (१४) मा उल्लेख भएबमोजिमको अवधिभित्र कर बुझाउने फर्म वा व्यक्तिलाई सोही अनुसूचीमा उल्लेख भए बमोजिम छुट तथा उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

(२)यस गाउँपालिकाको मातहतमा रहेका साधन तथा श्रोतहरु भाडामा (बहाल) लगाउन सकिने छ । सोको सञ्चालन र भाडादर कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

१६. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा उल्लेख भएको बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन । तर, निम्न बमोजिमको व्यवसाय तथा सिफारिसमा भने छुट दिन बाधा पर्ने छैन ।

(१) अपाङ्ग तथा एकल महिलाले कुनै उद्योग व्यवसाय संचालन गर्न लागेमा लाग्ने दस्तुरमा ५०% छुट दिने ।

(२) सामुदायिक विद्यालयसंग सम्बन्धित सिफारिसमा ६०% छुट दिने ।

(३) नेपाल सरकारबाट अनुदानमा संञ्चालित स्वास्थ्य उपचारसंग सम्बन्धित सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने।

(४) अपाङ्ग तथा ज्येष्ठ नागरिकसंग सम्बन्धित सामान्य सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने ।

(५) कर छुट सम्बन्धी अन्य व्यवस्था अनुसूची (१४) बमोजिम हुनेछ ।

१७. **कर तथासेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधिः**(१) यो ऐनमा भएको व्यवस्था बमोजिम कर तथा सेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

(२) भौतिक पुर्वाधार आर्थिक तथा सामाजिक विकासका कार्यक्रम संचालन गर्दा कार्यपालिकाले कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१८. **विविध** :(१)यस ऐनमा उल्लेख भएको भन्दा अन्य प्रकृतिको दस्तुर, जरिवाना शुल्क लिनुपर्नेभएमा सिम्ता गाउँ कार्यपालिकाले परिमार्जित गरी दस्तुर तोक्न तथा परिमार्जन गर्न सक्नेछ।

(२) यो ऐन तथा यस ऐनमा उल्लेख भएका अनुसूचीमा उल्लेख भएको कर दस्तुरमा अन्योल, भए सिम्ता गाउँ कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी प्रष्टयाउन सक्नेछ।

| राजश्व प्रशासन सम्बन्धी नीतिहरु | |
|---|---|
| क्र.सं. | विवरण |
| १ | राजश्वसंकलन कार्यलाई थप प्रभावकारी बनाउन यसै आ.ब. २०८०।०८० भित्र कर तथा राजश्वसंकलन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ । |
| २ | गाउँपालिकाक्षेत्रमा दर्ता भई संचालन हुने अटो रिक्सा/ई रिक्सा जस्ता सवारी साधनरुलाईव्यवस्थापन गर्न सवारी साधन दर्ता तथा नवीकरण कार्यविधि निर्माण गरी लागु गरिनेछ। |
| ३ | समयमैकर दाखिला गर्ने बानिको विकास गर्न पत्र पत्रिका, एफ.एम. तथा सार्वजनिक सूचनामार्फत कर बुझाउन सूचना जारी गर्ने नीति अवलम्बन गरिनेछ । |
| ४ | आन्तरिकराजश्व बृद्धिका लागि चालु आ.ब मै आन्तरिक राजश्व कार्यालय , घरेलु तथा सानाउद्योग, बाणिज्य कार्यालय, यातायात ब्यवस्था कार्यालय, उद्योग बाणिज्य संघ सँगसमन्वय गरी कुनै पनि व्यवसाय दर्ता, नवीकरण र खारेजी गर्दा यस कार्यालयकोसिफारिशमा मात्र गर्नुपर्ने नीति अवलम्वन गरिनेछ । |
| ५ | गाउँपालिकार निजी क्षेत्र लगाएत अन्य लगानिकर्ताबाट संयुक्त रुपमा सञ्चालित कार्यक्रमहरुमासेवा दिए बापत कर उठाउदा निजी, सार्वजनिक, साझेदारी (PPP) मोडेल मार्फत अवलम्बनगर्ने नीति लिइनेछ |

## अनुसूची -१

### दफा २ संग सम्बन्धित

### सम्पत्ती कर (घर कर)

| क्र.सं. | राजश्वसकेत | घरकोकिसिम | रकमरु. २०८०/८१ |
|---|---|---|---|
| १ | ११३१३ | पक्कीढलान | रु.३०प्रति कोठा |
| २ | ११३१३ | पक्कीटीन पथ्थर | रु.२०प्रति कोठा |
| ३ | ११३१३ | कच्चीटीन पथ्थर | रु.५०प्रति घर |
| ४ | ११३१३ | कच्चीफुसको | रु.२५प्रति घर |

**<u>मालपोत कर</u>**

| क्र.सं. | राजश्व सकेत | मुल्य रु. | मुल्याङ्कन (रु.) (सडकले छोएका जग्गाहरु) | मालपोत दर (प्रतिरोपनी) रु. |
|---|---|---|---|---|
| १ | ११३१४ | छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ प्रति रोपनी | १ लाख सम्म | १०० |
| २ | ११३१४ | १ लाख देखि | ५ लाखसम्म | २०० |
| ३ | ११३१४ | ५ लाख देखि | १०लाखसम्म | ३०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | ११३१४ | १० लाख देखि | २०लाखसम्म | ५०० |
| ५ | ११३१४ | २० लाख देखि | ५०लाखसम्म | १००० |
| ६ | ११३१४ | ५० लाख देखि | ७५लाखसम्म | १५०० |
| ७ | ११३१४ | ७५ लाख देखि | १ करोडसम्म | २५०० |
| ८ | ११३१४ | १ करोड देखि माथि | | ५००० |
| ९ | ११३१४ | गोजी देखि आली सडक खण्डको दायाँ बाँया प्रति रोपनी | | २०० |
| १० | ११३१४ | सहिद ऋषि चक्रपथ सडक खण्ड दायाँ बाँया प्रति रोपनी | | २०० |
| ११ | ११३१४ | सहिद इन्द्रविसी द्रुतमार्ग खण्ड दायाँ बाँया प्रति रोपनी | | २०० |
| १२ | ११३१४ | वडा नं १ देखि वडा नं ९ सम्मको भत्री/सहायक सडक खण्डको दायाँ बाँया जमिन प्रति रोपनी | | ७५ |
| १३ | ११३१४ | मुख्य तथा शाखा सडकमा पर्ने ३० मिटर पछाडिको जग्गाको मालपोत तथा भुमीकर  प्रति रोपनी | | २५ |

## अनुसूची-३

### दफा ४ संग सम्बन्धित

### घर जग्गा बहाल कर

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| 1 | ११३३२१ | गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहाल दिएकोमा बहाल कर | बहालरकमको १० प्रतिशत |

## अनुसूची४

### दफा ५ संग सम्बन्धित

### व्यवसाय कर(२०८०।०८०)

| क्र.सं. | राजश्वसकेत | विवरण | कर रकम | |
|---|---|---|---|---|
| १ | १४६११ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्तापसल/मिठाई पसल | दर्ता | नविकरण |
| १.१ | १४६११ | ५ कोठा वा५ कोठा भन्दा कम भएको होटलको | ५०० | ३०० |
| १.२ | १४६११ | ५ कोठादेखि माथि भएको होटलको | १००० | ५०० |
| १.३ | १४६११ | २० कोठाभन्दा माथि जति कोठा भएपनि | ७५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| १.४ | १४६११ | मदिरा भएकोरेष्टुरेन्ट तथा खाजा घर बार्षिक | ६००० | ३००० |
| १.५ | १४६११ | मदिरानभएको रेष्टुरेन्ट तथा खाजा घर बार्षिक | ५०० | २०० |
| १.६ | १४६११ | सामान्यखाजा/नास्ता/चिया/कफी पसल | ५०० | २०० |
| २ | १४६११ | उद्योग व्यवसाय | | |
| २.१ | १४६११ | काठ चिर्ने बेच्नेसमिल/प्लाईउड उद्योग | १५०० | ८०० |
| २.२ | १४६११ | आधुनिक सेलर राईसप्लान्ट राखी चामल, दाल, पीठो पिसानी र पेलानी समेत भएको जुनसुकै मिल | १००० | ५०० |
| ३ | १४६११ | माछा मासु तथा अण्डाबिक्रेता | | |
| ३.१ | १४६११ | खसी/कुखुरा/बंगुर/सुगुर/राँगा/माछाआदिको बिक्रेता अण्डा समेत | ५०० | ३०० |
| ४ | १४६११ | फलफुल तथा तरकारी पसल | | |
| ४.१ | १४६११ | फलफुल तथातरकारीको थोक बिक्रेता | ५०० | २०० |
| ४.२ | १४६११ | फलफुल तथातरकारीको खुद्रा बिक्रेता | २५० | १०० |
| | १४६११ | कृषि तथा पशुपंक्षि फर्म | - | |
| | १४६११ | कृषि तथा पशुपंक्षि समूह दर्ता शुल्क | १००० | ५०० |
| | १४६११ | कृषि तथा पशुपंक्षि फर्म दर्ता शुल्क | १२०० | ६०० |
| ५ | १४६११ | सुन चाँदी पसल | | |
| ५.१ | १४६११ | सुन चाँदीलगायत बहुमुल्य गहना बिक्रेता | २००० | १००० |
| ५.२ | १४६११ | सुनचाँदीको गर गहना मर्मत पसल | १००० | ५०० |
| ६ | १४६११ | औषधी उपचारजन्य/पशुपंक्षी आहार पसल | | |
| ६.१ | १४६११ | औषधीको थोकबिक्रेता | ५००० | २००० |
| ६.२ | १४६११ | औषधीकोखुद्रा बिक्रेता | १५०० | १००० |
| ६.३ | १४६११ | सामान्यजाँच वा ल्याब सहितको औषधी पसल | २००० | १२०० |
| ६.४ | १४६११ | सामान्यजाँच सहितको चस्मा पसल | ५०० | २०० |
| ६.५ | १४६११ | डेण्टलक्लिनिक | १००० | ५०० |
| ६.६ | १४६११ | सामान्यएग्रोभेट पसल | १००० | ५०० |
| ६.७ | १४६११ | पशुपंक्षीकोदानाको खुद्रा बिक्रेता | १००० | ५०० |
| ७ | १४६११ | ईन्स्टिच्युट/प्रतिष्ठान/तालिमकेन्द्र | | |

| | | | | |
|---|---|---|---|---|
| ७.१ | १४६११ | फोटोकपी तथा ईमेलईन्टरनेट पसल | ५०० | ३०० |
| ७.२ | १४६११ | निजी क्षेत्रकाक्याम्पस कलेज | १०००० | ३००० |
| ७.३ | १४६११ | निजी क्षेत्रकामाध्यमिक विद्यालय (कक्षा ९-१२) | ८००० | २५०० |
| ७.४ | १४६११ | निजी क्षेत्रकाआधारभुत विद्यालय (कक्षा १-८) | ६००० | १५०० |
| ७.५ | १४६११ | निजी क्षेत्रकाआधारभुत विद्यालय (कक्षा १-५) | ५००० | १२०० |
| ७.६ | १४६११ | निजी क्षेत्रका अन्यमन्टेश्वरी तथा पुर्व आधारभुत विद्यालय | ३००० | १००० |
| ७.७ | १४६११ | सिटीभिटी तथाविश्वविद्यालयबाट स्वीकृत प्राविधिक शिक्षालय | २५०० | १००० |
| ७.८ | १४६११ | सिटीभिटी तथाविश्वविद्यालयबाट स्वीकृत साधारण शिक्षालय | २००० | ८०० |
| ८ | १४६११ | <u>मदिराजन्य तथासुर्तीजन्य पसल</u> | | |
| ८.१ | १४६११ | मदिराजन्यपदार्थको खुद्रा बिक्रेता | ८००० | ४५०० |
| ८.२ | १४६११ | पान तथासुर्तिजन्य पसल | १००० | ५०० |
| ९ | १४६११ | <u>सिलाई/टेलरिङ्ग तथाकपडा धुलाई</u> | | |
| ९.१ | १४६११ | ३ वटा सम्म सिलाईमेसिन भएको टेलरिङ पसल | ४०० | २०० |
| ९.२ | १४६११ | ५ वटा सम्म सिलाईमेसिन भएको टेलरिङ पसल | ८०० | ३०० |
| ९.३ | १४६११ | ८ वटा सम्म सिलाईमेसिन भएको टेलरिङ पसल | १००० | ४०० |
| ९.४ | १४६११ | ८ भन्दा बढी सिलाईमेसिन भएको टेलरिङ पसल | १२०० | ५०० |
| ९.५ | १४६११ | सिलाई प्रशिक्षणकेन्द्र भएको अवस्थामा थप | ५०० | २०० |
| १० | १४६११ | <u>सैलुन/ब्युटीपार्लर/कस्मेटिकपसल</u> | | |
| १०.१ | १४६११ | ३वटासम्म सिट भएकोसैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | ५०० | २०० |
| १०.२ | १४६११ | ३वटा भन्दा बढी सिटभएको सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | ७०० | ३०० |
| १०.३ | १४६११ | कस्मेटिक खुद्राबिक्रेता | ६०० | २५० |
| ११ | १४६११ | <u>ईलेक्ट्रोनिक/हार्डवेयर/मोबाईलपसल/भाँडा पसल</u> | | |
| ११.१ | १४६११ | इलेक्ट्रोनिक खुद्रापसल | ५०० | २०० |
| ११.२ | १४६११ | इलेक्ट्रोनिक खुद्रापसल/बिजुलीको सामान खुद्रा पसल/मोबाईल खुद्रा/कम्प्यूटर खुद्रा बिक्रेता | १५०० | ८०० |

| | | | | |
|---|---|---|---|---|
| ११.३ | १४६११ | बिजुली पसलको थोकबिक्रेता/कम्प्यूटर तथा पार्टस थोक बिक्रेता | २५०० | १२०० |
| ११.४ | १४६११ | घडी रेडियो पसल तथासामान्य इलेक्ट्रोनिक मर्मत | ८०० | ३०० |
| ११.५ | १४६११ | ठुला हार्डवेयर पसल | ४५०० | २५०० |
| ११.६ | १४६११ | साना हार्डवेयर पसल | २००० | १००० |
| ११.७ | १४६११ | भाँडा वर्तनको थोकविक्रेता | १५०० | ८०० |
| ११.८ | १४६११ | भाँडाको खुद्राबिक्रेता | १००० | ५०० |
| ११.९ | १४६११ | नोटः माथि उल्लेखित पसलमा मर्मत केन्द्रजोडिएकोलाई थप | २०० | |
| १२ | १४६११ | निर्माणव्यवसायी/यातायात व्यवसायी/ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी | | |
| १२.१ | १४६११ | ग बर्गको प्रधानकार्यालय भएको निर्माण व्यवसायी | ३०००० | १५००० |
| १२.२ | १४६११ | घ बर्गको प्रधानकार्यालय भएको निर्माण व्यवसायी | १०००० | ५००० |
| १२.३ | १४६११ | ग बर्गको स्थानीयकार्यालय भएको निर्माण व्यवसायी | ११००० | ५००० |
| १२.४ | १४६११ | घ बर्गको स्थानीयकार्यालय भएको निर्माण व्यवसायी | १०००० | ५००० |
| १२.५ | १४६११ | प्रधान कार्यालय भएकोयातायात व्यवसायी | ३००० | १२०० |
| १२.६ | १४६११ | शाखा कार्यालय भएकोयातायात व्यवसायी | २५०० | १३०० |
| १२.७ | १४६११ | साना जीप टेम्पो अटोकोस्थानीय कार्यालय भएको व्यवसायी | २००० | १००० |
| १३ | १४६११ | सेवा तथा परामर्श सम्बन्धी | | |
| १३.१ | १४६११ | सुचि दर्ता शुल्क पान वाला | ५०० | ३०० |
| १३.२ | १४६११ | सुची दर्ता शुल्क भ्याटवाला | ७०० | ५०० |
| १३.३ | १४६११ | सामान्य लेखापढी व्यवसायी | ५०० | ३०० |
| १३.४ | १४६११ | क श्रेणीकोलेखापरीक्षण व्यवसाय | ५००० | २५०० |
| १३.५ | १४६११ | ख श्रेणीकोलेखापरीक्षण व्यवसाय | ३००० | १५०० |
| १३.६ | १४६११ | ग र घ श्रेणीकोलेखापरीक्षण व्यवसाय | २५०० | १२०० |
| १३.७ | १४६११ | कन्सल्टेन्सी/ईन्जिनियर/प्राविधिकसेवा व्यवसाय | १०००० | ५५०० |
| १३.८ | १४६११ | टेन्ट हाउस तथा साउण्डसिस्टम र डिजे भएको पसल | ३५०० | १५०० |
| १३.९ | १४६११ | माईक/बिजुलीडेकोरेसन/बैण्ड बाजा पसल | १५०० | ८०० |

| | | | | |
|---|---|---|---|---|
| १३.१० | १४६११ | सटरिङ तथा फर्मा | १००० | ५०० |
| १४ | १४६११ | <u>बैङ्क तथा वित्तीय संघसंस्था/गैरसरकारी संस्था</u> | | |
| १४.१ | १४६११ | बाणिज्य बैङ्क क वर्ग | ५००० | २५०० |
| १४.२ | १४६११ | विकास बैङ्क ख वर्ग | ३००० | १५०० |
| १४.३ | १४६११ | वित्त तथा विमा/फाईनान्सकम्पनी ग वर्ग | ५००० | १५०० |
| १४.४ | १४६११ | लघुवित्त कम्पनी घवर्ग | २००० | १००० |
| १४.५ | १४६११ | गाउँपालिका कार्य क्षेत्र भएको सहकारी संस्था | १५०० | १००० |
| १४.६ | १४६११ | विदेशी मुद्रा सटहीकाउन्टर तथा मनिट्रान्सफर | ८०० | ३०० |
| १४.७ | १४६११ | अन्तराष्ट्रियगैरसरकारी संस्था | ३५००० | |
| १४.८ | १४६११ | राष्ट्रिय गैरसरकारीसंस्था | २५०० | |
| १४.९ | १४६११ | एफ.एम.रेडियो | ३००० | १५०० |
| १५ | १४६११ | <u>जुत्ता/चप्पल/कपडा तथाफेन्सी पसल</u> | | |
| १५.१ | १४६११ | जुत्ता तथा चप्पलकोखुद्रा बिक्रेता/फेन्सी खुद्रा बिक्रेता/थान कपडा खुद्रा बिक्रेता | १००० | ५०० |
| १६ | १४६११ | <u>सवारीसाधन/सवारी साधनको पार्ट्स/मेसिनरी सामान बिक्री तथा मर्मत</u> | | |
| १६.१० | १४६११ | हेभी गाडी तथा मेसिनरीमर्मत | १५०० | ७०० |
| १६.२० | १४६११ | लाईट गाडी तथा अन्यसवारी साधन सर्भिसिङ तथा मर्मत | १००० | ५०० |
| १६.३० | १४६११ | मोटरसाइकल मर्मतपसल | ५०० | ३०० |
| १७ | १४६११ | <u>पेट्रोलियमपदार्थ/स्टेशनरी तथा पुस्तक/खाद्यान्न तथा अन्य पसल व्यवसाय</u> | | |
| १७.१ | १४६११ | कोल्ड ड्रिङसको खुद्राबिक्रेता | १००० | ५०० |
| १७.२ | १४६११ | पेट्रोल पम्प आधिकारिकविक्रेता | २५०० | १५०० |
| १७.३ | १४६११ | स्टेशनरी तथा पुस्तककोखुद्रा बिक्रेता | १००० | ५०० |
| १७.४ | १४६११ | स्टेशनरी तथा पुस्तककोखुद्रा बिक्रेता/घ्यू तथा तेलजन्य पदार्थ सप्लायर्स/अन्य खुद्रा किराना पसल | 1500 | ७०० |
| १७.५ | १४६११ | खाद्यान्न पदार्थ/अन्यकिराना पसल तथा खुद्रा किराना पसल | १००० | ५०० |
| १७.६ | १४६११ | घुम्ती पसल | २५० | १०० |
| १८ | १४६११ | <u>छापाखाना/अफसेट/प्रिन्टिङप्रेस/कलर ल्याब/फोटो</u> | | |

| | | स्टुडियो | | |
|---|---|---|---|---|
| १८.१ | १४६११ | फ्लेक्स मेसिन भएकोफ्लेक्स प्रेस | ९०० | ४०० |
| १८.२ | १४६११ | हस्त लेखन भएको व्यानरपसल | ४०० | २०० |
| १८.३ | १४६११ | फोटो स्टुडियो | १००० | ५०० |
| १९ | १४६११ | रिटोटलिङ व्यवसायी (सबै प्रकारको व्यवसायी/सेवा प्रदायक) | १००० | |

अनुसूची ५

दफा ६ संग सम्बन्धित

जडीबुटी, कबाडी र जीबजन्तु कर(२०८०।०८१)

| क्र.सं. | राजश्वसकेत | विवरण | रकमरु. |
|---|---|---|---|
| 1 | ११६३२ | जडीबुटी, कवाडी र जीवजन्तु कर साना व्यवसाय (बार्षिक तीन लाख सम्म कारोबार भएको) | २०० |
| 2 | ११६३२ | जडीबुटी, कवाडी र जीवजन्तु कर ठुलो व्यवसाय (बार्षिक तीन लाख भन्दा बढी कारोबार भएको) | २००० |

अनुसूची-6

दफा ७ संग सम्बन्धित

सवारी साधनकर(२०८०/८१)

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ११४५१ | अटो रिक्साई रिक्सा दर्ता दस्तुर | १५०० |
| २ | ११४५१ | अटो रिक्साई रिक्सा नवीकरण दस्तुर | १००० |
| ३ | | ठेला वा टाँगा गाडा | ५०० |

अनुसूची-७

दफा ८ संग सम्बन्धित

## विज्ञापन कर(२०८०/८१)

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| 1 | 14611 | होडिंगवोर्ड, फ्लेक्स वोर्ड प्रति वर्ग फिट | ५० |

| | | | |
|---|---|---|---|
| 2 | 14611 | ग्लोसाइनवोर्ड, नियोन साइनवोर्ड, विधुतीय वोर्डहरु प्रति वर्ग फिट | १५० |
| 3 | 14611 | भित्तेलेखन, सटर पेन्टिंग प्रति वर्ग फिट | १० |
| 4 | 14611 | स्टल, गेट (चांडपर्व, मेला महोत्सव) दैनिक | ३५० |
| 5 | 14611 | वेलुन, व्यानर प्रति हप्ता | ३०० |
| 6 | 14611 | ब्यबसायीकदृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन | २०० |
| 7 | 14611 | ब्यबसायीकदृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदीन | १०० |
| 8 | 14611 | मादक पदार्थ एबंधुम्रपानको बिज्ञापनमा | २५% थप |
| | नोटः निजी वासार्वजनिक स्थानमा होर्डिड. वोर्ड राख्दा यस कार्यालयको पूर्व स्वीकृति लिईराख्नुपर्नेछ । | | |

## अनुसूची-८

## दफा ९ संग सम्बन्धित

## मनोरञ्जन कर

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | १४२९१ | केवुल नेटवर्क सर्भिस | १००० |
| २ | १४२९१ | सर्कस तथा खेल तमासा, रमाईलो मेला/जात्रा | ५०० |
| ३ | १४२९१ | दैनिक (रमाईलो मेला तथा सर्कस/तमासा/जात्रा) | १००० |
| ४ | १४२९१ | पर्व तथा मेला कर (आयोजकबाट) | १००० |
| ५ | १४२९१ | पिकनिक स्पोर्ट | २५० |
| ६ | | व्यवसायिक भिडियो | ११०० |

## अनुसूची-९

## दफा १० संग सम्बन्धित

## बहाल बिटौरीशुल्क(२०८०।०८१)

| क्र.सं. | राजश्वसकेत | विवरण | रकमरु. |
|---|---|---|---|
| १ | ११३२२ | गाउँपालिकाक्षेत्रभित्र निर्माण भएको कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वापर्ति जग्गामा निर्माण भएको संरचनाको प्रति संरचना | |
| 1.1 | ११३२२ | पक्की ढलान | ५०० |

| | | | |
|---|---|---|---|
| 1.2 | ११३२२ | पक्की टीन/पत्थर | ३०० |
| 1.3 | ११३२२ | कच्ची टीन/पत्थर/खर | १५० |
| २ | ११३२२ | गाउँपालिका क्षेत्रभित्र रहेका कानुन बमोजिम स्वामित्व प्राप्तनगरेको ऐलानी वा पर्ति जग्गामा प्रति रोपनी बहाल विटौरी शुल्क बार्षिक | ५० |
| ३ | ११३२२ | गाउँपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राख्नेव्यावसायीलाई प्रतिदिन बहाल बिटौरी शुल्क | १०० |

**अनुसूची १०**

**दफा ११ संग सम्बन्धित**

**पार्किङ्ग शुल्क (२०८०/८१)**

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| 1 | १४२४१ | मोटरसाइकल प्रति घण्टा | १० |
| 2 | १४२४१ | साइकल प्रति घण्टा | ५ |
| 3 | १४२४१ | आटो रिक्सा/ई रिक्सा प्रति घण्टा | ३० |
| 4 | १४२४१ | जिप/कार/ट्र्याक्टर प्रति घण्टा | ५० |
| 5 | १४२४१ | बस, ट्रक प्रति घण्टा | १०० |

**अनुसूची-११**

**दफा १२ संग सम्बन्धित**

**सेवा, शुल्क, दस्तुर (२०८०/८१)**

| क्र.सं. | राजश्वसकेत | विवरण | रकमरु. |
|---|---|---|---|
| 1 | १४२२९ | **गाउँपालिकाकोमातहत रहेका हलको भाडा** | |
| 1.1 | १४२२९ | व्यक्तिलाईप्रतिदिन | १००० |
| 1.2 | १४२२९ | संघसंस्थालाईप्रतिदिन | १५०० |
| २ | १४२२१ | **न्यायिक समितिअन्तरगतको सेवा शुल्क** | |
| 2.1 | १४२२१ | निवेदनपत्र शुल्क | २०० |
| 2.2 | १४२२१ | प्रतिउत्तर पत्र | १५० |

| | | | |
|---|---|---|---|
| 2.3 | १४२२१ | मिला पत्र गराए वापत पक्ष र विपक्ष दुवैबाट मिलापत्र शुल्क (प्रत्येक पक्षबाट अलग अलग लिईने) | २५० |
| ३ | १४२२९ | <u>अन्य सेवा शुल्क एवंसिफारिस दस्तुरः</u> | |
| ३.१ | १४२२९ | धितोरोक्का सिफारिस वापत | ५०० |
| ३.२ | १४२२९ | घरबाटो प्रमाणित (खरिद विक्री प्रयोजन) | ५०० |
| ३.३ | १४२२९ | घरबाटो प्रमाणित अन्य प्रयोजन (अंशबण्डा लगायत) | ५०० |
| ३.४ | १४२२९ | चलन चल्ती मूल्य सिफारिस (सर्जमिन वाहेक) | ३०० |
| ३.५ | १४२२९ | नागरिकता सिफारिस (वंशज) | १०० |
| ३.६ | १४२२९ | नागरिकता सिफारिस (अङ्गिकृत) | ५०० |
| ३.७ | १४२२९ | नागरिकता सिफारिस प्रतिलिपि | १०० |
| ३.८<br>३.९ | १४२२९<br>१४२२९ | नाता प्रमाणित सिफारिस दस्तुर<br>योजना सम्झौता (प्रति ५० हजारमा) | ५००<br>५०० |
| | | विदेश जाने सिफारिस | ५०० |
| 3.10 | १४२२९ | <u>थप कक्षा संचालन दस्तुर</u> क) आधारभूत बिद्यालय<br>ख) माध्यामिक बिद्यालय | २०००<br>४००० |
| 3.11 | १४२२९ | <u>नियूक्ति समर्थन बिद्यालय</u> क) आधारभूत तह<br>ख) माध्यामिक तह | १०००<br>१५०० |
| 3.12 | १४२२९ | <u>परीक्षा दस्तुर</u> क) अधिकृत सातौ/आठौ तहको लागि<br>थप समाबेशी समुहका लागि<br>ख) अधिकृत छैटौ तहको लागि<br>थप समाबेशी समुहका लागि | १२००<br>४००<br>१०००<br>३०० |
| 3.13 | १४२२९ | ग) सहायकस्तर पाचौं तहको लागि<br>घ) सहायकस्तर चौथो तहको लागि<br>ङ) श्रेणी विहिन सहयोगीस्तरको लागि<br>थप समावेशीको लागि | ७००<br>५००<br>३०० |
| 3.14 | १४२२९ | <u>करार सम्झौता म्याद थपको लागि</u>क) अधिकृत सातौ/आठौ तहको लागि<br>ख) अधिकृत छैटौ तहको लागि<br>ग) सहायकस्तर पाचौं तहको लागि<br>घ) सहायकस्तर चौथो तहको लागि<br>ङ) श्रेणी विहिन सहयोगीस्तरको लागि | १२००<br>१०००<br>७००<br>५००<br>३०० |
| 3.15 | १४२२९ | नाता प्रमाणित दस्तुर | ३०० |

| | | | |
|---|---|---|---|
| 3.16 | १४२२९ | संघ संस्था समुह दर्ता नबिकरणका लागि | १००० |
| 3.17 | १४२२९ | नेपाली संघ सस्था संग सम्बन्धित प्रति सिफारिस | ५०० |
| 3.18 | १४२२९ | बिदेशी संघ संस्थासंग सम्बन्धित प्रति सिफारिस | १००० |
| 3.19 | १४२२९ | आखा जाँच नाम दर्ता | १० |
| 3.20 | १४२२९ | चस्मा तथा औषधि मूल्य बमोजिम | १०० |
| 3.21 | १४२२९ | आयर्बेद शाखाबाट संचालन हुने नाम दर्ता | १० |
| 3.22 | १४२२९ | वाफ लिने स्टिम | ३०० |
| | १४२२९ | ल्याव परीक्षण शुल्क | |
| 3.23 | १४२२९ | नाम थर संशोधन दस्तुर | २५० |
| 3.24 | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर३५ दिनभित्र निःशुल्क ३६ दिनपछि विलम्वशुल्क | ३०० |
| 3.25 | १४२४४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि | ५०० |
| 3.26 | १४२२९ | स्थानीय बसोवास प्रमाणित दस्तुर | २०० |
| 3.27 | १४२२९ | चरित्र प्रमाणित दस्तुर | २५० |
| 3.28 | १४२२९ | विधुत, टेलिफोन जडान सिफारिस दस्तुर | ५०० |
| 3.29 | १४२२९ | विधुत, टेलिफोन जडान सिफारिस दस्तुर औद्योगिक प्रयोजन | ७०० |
| 3.29 | १४२२९ | तिन पुस्ते, फोटो टाँस, जीर्ण श्रेष्ता, ज.ध. प्रतिलिपीसिफारिस | २५० |
| 3.37 | १४२४३ | सर्जमीन मुचुल्का दस्तुर | ५०० |
| 3.38 | १४२४३ | चार किल्ला प्रमाणित दस्तुर | ३०० |
| 3.39 | १४२४३ | पिकनिकस्पोर्ट शुल्क | २५० |
| 3.40 | १४२४३ | होमस्टेसञ्चालन गर्ने घरदर्ता सिफारिस | ५०० |
| 3.41 | १४२४३ | अविवाहित प्रमाणित (सर्जमिन वाहेक) | ३०० |
| 3.42 | १४२४३ | कागजात नक्कल प्रतिपाना / फोटो खिचेको प्रतिपाना | १० |
| 3.43 | १४२४३ | साना घरेलु उद्योग (दालमोट, वेसार, मसला) दर्ता सिफारिस | ५०० |
| 3.44 | १४२४३ | अन्य उद्योग (मझौला) दर्ता सिफारिस | १००० |
| 3.45 | १४२४३ | अन्य उद्योग (ठुला) दर्ता सिफारिस | ५००० |
| 3.46 | १४२४३ | रुख कटान सिफारिस प्रति रुख | २०० |
| 3.47 | १४२४३ | नोटः सि.नं. 3.32 मा उल्लेख भएको सेवा शुल्कको हकमा जमिन सतह देखि४ फिट ६ ईन्चमा मापन गर्दा गोलाई ३६ ईन्च भन्दा कम भएमा आधा दस्तुर लाग्नेछ। | |

| | | | |
|---|---|---|---|
| 3.48 | १४२४३ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि | ३०० |
| 3.49 | १४२४३ | विविध सिफारिस दस्तुर माथि उल्लेख नभएकाको हकमा | ३०० |
| 3.50 | १४२४३ | कृषक समूहदर्ता दस्तुर | १५०० |
| 3.51 | १४२४३ | कृषक समूह नवीकरणदस्तुर | ७५० |
| 3.51 | १४२४३ | पशु पछींफर्म सिफारिस/दर्ता दस्तुर/बीमा प्रयोजन सिफारिस | ३०० |
| 3.52 | १४२४३ | पंक्षी निर्यात सिफारिस शुल्क प्रति जिउ | १५ |
| 3.53 | १४२४३ | पशु निर्यात सिफारिस शुल्क प्रति जीउ साना चौपाया (भेडा बाख्राबंगुर सुंगुर लगायत साना घरपालुवा पशुहरु पाठा-पाठी बाहेक) | ५० |
| 3.54 | १४२४३ | पशु निर्यात सिफारिस शुल्क प्रति जीउ ठुला चौपाया (गाई भैसी रांगागोरु घोडा खच्चर लगायत ठुला पशुपंक्षी बाच्छा-बाच्छी पाडा-पाडी बाहेक) | १०० |
| 3.55 | १४२४३ | कृषि ऋण सिफारिस | २०० |
| 3.56 | १४२४३ | संस्था दर्ता तथा नवीकरण सिफारिश दस्तुर | १००० |
| 3.57 | १४२४३ | निजी बन दर्ता तथा नवीकरण दस्तुर | ३००० |

**प्याथोलोजी (LAB) शल्क**

| क्र.स. | | विवरण | रकम रु |
|---|---|---|---|
| १ | १४२४३ | HBC(HB,TC,DC) | १०० |
| २ | १४२४३ | HB | ५० |
| ३ | १४२४३ | TLC | ५० |
| ४ | १४२४३ | DLC | ५० |
| ५ | १४२४३ | ESR | १०० |
| ६ | १४२४३ | Platelets | ४० |
| ७ | १४२४३ | Bleeding time | ४० |
| ८ | १४२४३ | Fasting Blood Sugar | ८० |
| ९ | १४२४३ | Blood grouping | ८० |
| १० | १४२४३ | Post Prandom | ८० |
| ११ | १४२४३ | Random Blood Sugar | १३० |
| १२ | | S.Creatinine | १४० |
| १३ | | Uric Acid | १३० |
| १४ | | RA Factor | १३० |

| | | | |
|---|---|---|---|
| १५ | | Bilirubin T/D | ११० |
| १६ | | LFT | ४०० |
| १७ | | Stool Routine Examination | ५० |
| १८ | | Occult Blood | ११० |
| १९ | | HCG | ५० |
| २० | | ASO Titer | २२० |
| २१ | | HBsAG | १६० |
| २२ | | VDRL | ११० |
| २३ | | Widal Test | ११० |
| २४ | | MP | ११० |
| २५ | | H. Pylori | ३०० |
| २६ | | Semen Analysis | १६० |
| २७ | | Monotoux Test | ५० |
| २८ | | HCV (Hepatitis C Virus) | २०० |
| २९ | | Drunk Medical Check Up | ३०० |
| ३० | | Cloting | ४० |
| ३१ | | Blood grouping | ५० |

नोटः सि नं २९ बाहेकमा जेष्ठ नागरिक तथा सा म स्वा स्व से लाई परिचय पत्रको आधारमा निशुल्क तथा अपांगता भएका व्यक्तिलाई ५०% छुट ।

माथि उल्लेखित बाहेक छुट हुन गएका सेवाको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा सेवा शुल्क तथा प्रमाणित दस्तुर लिन सकिनेछ ।

| | | | |
|---|---|---|---|
| **4** | **14229** | **पशुपंक्षीउपचारको लागि नाम दर्ता शुल्क** | |
| 4.1 | 14229 | उपचारका लागि नाम दर्ता शुल्क (पंक्षी जातहरु कुखुरा हाँस लगायत) | १० |
| 4.2 | 14229 | उपचारका लागि नाम दर्ता शुल्क (भेडा, बाख्रा, सुंगुर, बुँगुरलगायत) | २० |
| 4.3 | 14229 | उपचारका लागि नाम दर्ता शुल्क (गाई, गोरु, राँगा, भैंसी लगायत) | ३० |
| 4.4 | 14229 | उपचारका लागि नाम दर्ता शुल्क (कुकर, बिरालो लगायत) | २० |
| 4.5 | 14229 | उपचारका लागि नाम दर्ता शुल्क (घोडा खच्चर लगायत) | ५० |
| **5** | **14229** | **पशुपन्छीविकास शाखा तर्फको प्रयोगशाला सेवा शुल्क** | |
| 5.1 | 14229 | गोबरपरीक्षण | १०० |
| 5.2 | 14229 | थुनेलोपरीक्षण | ५० |
| **6** | **14229** | **पशुपन्छीविकास शाखा तर्फको पोष्टमार्टम सेवा शुल्क** | |
| 6.1 | 14229 | पंक्षी जन्य तर्फ प्रति जिउ | १०० |
| 6.2 | 14229 | पशु तर्फ प्रति जीउ साना चौपाया (भेडा बाख्रा बंगुर सुंगुर लगायतसाना घरपालुवा पशुहरु पाठा-पाठी बाहेक) | ५०० |
| 6.3 | 14229 | पशु तर्फ प्रति जीउ ठुला चौपाया (गाई भैसी रांगा गोरु घोडा खच्चरलगायत ठुला पशुपंक्षी बाच्छा-बाच्छी पाडा-पाडी बाहेक) | १००० |
| **7** | **14229** | **पशुपन्छीविकास शाखाको कृतिम गर्भाधान तथा बन्ध्याकरण सेवा शुल्क** | |
| 7.1 | 14229 | कृतिमगर्भाधान शुल्क (गाई र भैसी मात्र) | १०० |
| 7.2 | 14229 | पशुबन्ध्याकरण (बोकालयायत सानो पशु चौपायातर्फ) शुल्क | ५० |
| 7.3 | 14229 | पशुबन्ध्याकरण (बहर राँगो लयायत ठूलो पशु चौपाया तर्फ) शुल्क | १०० |
| 7.4 | 14229 | पशुबन्ध्याकरण (सुगुर लयायत सानो पशु चौपाया तर्फ) शुल्क | ७५ |
| **8** | **113321** | **घरजग्गा मूल्याङ्कन (विद्यार्थी प्रयोजन)** | |
| 8.1 | 113321 | पच्चीस लाख सम्म रु. | ५०० |
| 8.2 | 113321 | पचास लाख सम्मरु. | १००० |
| 8.3 | 113321 | एक करोड सम्म रु. | २००० |
| 8.4 | 113321 | एक करोड भन्दा बढी रु. | ५००० |
| **9** | **113321** | **घरजग्गा मूल्याङ्कन (विद्यार्थी बाहेक अन्य प्रयोजन)** | |

| | | | |
|---|---|---|---|
| 9.1 | 113321 | पच्चीस लाख सम्म रु. | ७०० |
| 9.2 | 113321 | पचास लाख सम्मरु. | १५०० |
| 9.3 | 113321 | एक करोड सम्म रु. | ३००० |
| 9.4 | 113321 | एक करोड भन्दा बढी रु. | ७००० |
| **10** | **14245** | आयस्रोतप्रमाणित (विद्यार्थी प्रयोजन) | |
| 10.1 | 14245 | पाँच लाख सम्म रु. | २५० |
| 10.2 | 14245 | बीस लाख सम्मरु. | ५०० |
| 10.3 | 14245 | पचास लाख सम्म रु. | १००० |
| 10.4 | 14245 | एक करोड सम्म रु. | ४००० |
| 10.5 | 14245 | एक करोड भन्दा बढी रु. | ७००० |
| **11** | **14245** | आयस्रोतप्रमाणित (विद्यार्थी बाहेक अन्य प्रयोजन) | |
| 11.1 | 14245 | पाँच लाख सम्म रु. | ५०० |
| 11.2 | 14245 | बीस लाख सम्मरु. | १५०० |
| 11.3 | 14245 | पचास लाख सम्म रु. | ३००० |
| 11.4 | 14245 | एक करोड सम्म रु. | ५००० |
| 11.5 | 14245 | एक करोड भन्दा बढी रु. | ८००० |
| **12** | १४२४२ | घरनक्सापास दस्तुर तथा अभिलेखीकरण शुल्क | |
| 12.1 | १४२४२ | RCC पक्की भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | ५ |
| 12.2 | १४२४२ | RCC पक्की भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | ७ |
| 12.3 | १४२४२ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्गफिट | ६ |
| 12.4 | १४२४२ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | ५ |
| 12.5 | १४२४२ | घर अभिलेखीकरण शुल्क बार्षिक पक्की घर | ८०० |
| 12.6 | १४२४२ | घर अभिलेखीकरण शुल्क बार्षिक अर्धपक्की टिन पत्थर घर | ५०० |
| 12.7 | १४२४२ | घर अभिलेखीकरण शुल्क बार्षिक कच्ची घर | २५० |
| 3.23 | १४२४२ | नक्सा प्रतिलिपि प्रति थान | १०० |
| 3.24 | १४२४२ | नक्शा नामसारी दस्तुर | ५०० |
| 3.25 | १४२४२ | नामसारी, ठाउँसारी (व्यापार, ब्यावसाय) | २५० |
| 3.26 | १४२४२ | नक्शा पास किताव दस्तुर | १००० |

| | | | |
|---|---|---|---|
| 3.27 | १४२४२ | अमिन सेवा शुल्क प्रति कित्ता १ रोपनी सम्म | १००० |
| 3.28 | १४२४२ | अमिन सेवा शुल्क २ देखि १० रोपनी सम्म | २५०० |
| 3.29 | १४२४२ | अमिन सेवा शुल्क १० रोपनी भन्दा माथि | ३००० |

| 13 | 14246 | विद्यालयस्वीकृत/कक्षा थप स्वीकृत | |
|---|---|---|---|
| 13.1 | 14246 | पूर्व प्राथमिक विद्यालय स्वीकृत दिए वापत | ५००० |
| 13.2 | 14246 | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय स्वीकृत | ८००० |
| 13.3 | 14246 | एक देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय स्वीकृत | १०००० |
| 13.4 | 14246 | माध्यमिक विद्यालय स्वीकृत | १५००० |
| 13.5 | 14246 | एक देखि पाँच कक्षासम्मको आधारभुत विद्यालय कक्षा थप स्वीकृत | १००० |
| 13.6 | 14246 | एक देखि आठ कक्षासम्मको आधारभुत विद्यालय कक्षा थप स्वीकृत | २००० |
| 13.7 | 14246 | कक्षा थप स्वीकृत माध्यमिक विद्यालय | ३००० |

## अनुसूची-१२

## दफा १३ संग सम्बन्धित

## पर्यटन शुल्क

| क्र.सं. | विवरण | रकम रु. २०८०/८१ |
|---|---|---|
| 1 | पर्यटन शुल्क | ५०० |

## अनुसूची १३

## दफा १४ संग सम्बन्धित

## ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्क

| | | |
|---|---|---|
| 1 | ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्क | ५०० |

## अनुसूची१४

## दफा१५ को उपदफा १ र दफा १६ को उपदफा ५ संग सम्बन्धित

## जरिवानातथा छुट (आ व २०८०।०८०)

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| **1.0** | भुमितथा मालपोत, सम्पत्ति कर, घर कर र व्यवसायिक कर असुल गर्दा तपसिल बमोजिम छुट तथाजरिवाना दिने | |
| 1.1 | आ.व.कोपहिलो चौमासिकमा बुझाउन आउने करदाताहरुलाई१० प्रतिशतछुटदिइनेछ । | |

| | | |
|---|---|---|
| 1.2 | आ.व.कोदोश्रो चौमासिकमा बुझाउने आउनेलाई५ **प्रतिशत**छुट दिनइनेछ । | |
| 1.3 | आ.व.कोतेस्रो चौमासिकमा बुझाउन आउनेलाई कुनै छुट दिनइनेछैन । | |
| 1.4 | गतवर्षको कर तिर्न बाकि रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १०प्रतिशतले जरिवाना लगाइनेछ । | |
| 1.5 | तेस्रोवर्ष कर तिर्न आउनेलाई २० प्रतिशतले थप जरिवाना लगाइनेछ । | |
| 1.6 | चौथोआ.व. देखि माथि सम्मको नबुझाएकोलाई ३५ प्रतिशत थप जरिवाना लगाइनेछ । | |
| 2.0 | एउटैपसल भित्र मिल्दाजुल्दा सामानहरु राखि व्यवसाय सञ्चालन गरिरहेका व्यवसायिहरुकोकरको दर कायम गर्दा पसलमा ठुलो परिमाणमा रहेको सामग्रीलाई आधार मानि एउटै करकोदर कायम गरिनेछ तर आधिकारीक डिलर लिई व्यवसाय सञ्चालन गरेको हकमा भने डिलरकोआधारमा अलग अलग कर बुझाउनु पर्नेछ । | |
| 3.0 | पशु चौपाया छाडा छोडेर वा निर्माण सामाग्री सडकमा राखेर सडक अवरोधगरेमा | |
| 3.1 | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेरतथा पशु चौपाय वाधी सडक अवरोध गरेमा पहिलो पटकलाई | ५०० |
| 3.2 | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेरतथा पशु चौपाय वाधी सडक अवरोध गरेमा दोस्रो पटकलाई | १००० |
| 3.3 | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेरतथा पशु चौपाय वाधी सडक अवरोध गरेमा तेस्रो पटक वा सो भन्दा बढी | १५०० |
| 4.0 | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रिवितरण गरेमा | |
| 4.1 | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रिवितरण गरको पाईएमा पहिलो पटकलाई | ३००० |
| 4.2 | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रिवितरण गरको पाईएमा दोस्रो पटकलाई | ५००० |
| 4.3 | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रिवितरण गरको पाईएमा तेस्रो पटक वा सो भन्दा बढी | १०००० |
| 5.0 | आफ्नो घर,पसल,उद्योग अगाडीको सडक तथा आगन स्वयम् सफा राखुपर्नेछ। तोकिएको मापदण्ड विपरीत फोहोर गरेको पाईएमा निम्न बमोजिम जरिवाना लगाईनेछ । | |
| 5.1 | प्रथम पटकलाई | २५० |
| 5.2 | दोस्रो पटकलाई | ५०० |
| 5.3 | तेस्रो पटक वा सो भन्दा बढी | १००० |
| 6.0 | गाउँपालिकाको नियम पालना नगरेमा वा गाउँपालिकाको निर्देशन अटेरगरेमा | |
| 6.1 | प्रथम पटकलाई | ५०० |
| 6.2 | दोस्रो पटकलाई | २५०० |
| 6.3 | तेस्रो पटक वा सो भन्दा बढी | ५००० |
| 7.0 | नदीजन्यपदार्थ उत्खनन तथा ओसार पसार सम्बन्धमा | |
| 7.1 | अनुमति बिना नदीजन्य पदार्थ उत्खनन गर्ने उद्देश्यले घाटमा प्रवेशगरेमा प्रति सवारी साधन | ५००० |

| | | |
|---|---|---|
| 7.2 | अनुमति बिना घाटमा प्रवेश गरी नदीजन्य पदार्थ उत्खनन गरेमा प्रतिसवारी साधन | १०००० |
| 7.3 | तोकिएको स्थानमा वाहेक अन्यत्रबाट नदीजन्य पदार्थ उत्खनन गरेमा(अनुमति लिएको भए समेत) | १०००० |

नोटःक्र.सं. ३.१ देखि ३.३, ४.१ देखि ४.३, ५.१ देखि ५.३, ६.१ देखि ६.३ र ७.१ देखि ७.३मा व्यवस्था भएको जरिवाना असुल गर्दा जरिवाना रकमको २५% रकम जरिवाना असुल गर्दाखटिने कर्मचारी तथा सुरक्षा कर्मीलाई दामासाहीले प्रोत्साहन स्वरुप दिईनेछ ।

<u>निष्कर्ष</u>

राजस्व संकलन मुख्यतया कर राजस्व र गैर कर राजस्व पर्दछन । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारका कर लिन सक्दैन । नेपालको संबिधानले स्थानिय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संबिधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐन २०७४ द्वारा प्रद्वत आर्थिक अधिकारका आधारमा मात्र आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउने र उठाउन सक्दछ । उल्लेखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई संमृद्ध एंव आत्मनिर्भर बनाउन राजस्वका सबै सम्भावना र क्षेत्रहरुको खोजी गरि प्रगतिशिल कर र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

- कर असुलीमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्न राजस्व सफ्टवयेर प्रणालीको प्रयोग गर्ने ।
- कर्मचारीलाई राजस्व परामर्श सम्बन्धी क्षमता बिकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- कर संकलनलाई सेवा प्रवाहसंग आवद्व गर्ने र वडा कार्यालयको क्षमता बिकास गर्ने ।
- आम नागरिकलाई कर तिर्ने बानीको बिकास गर्न पालिकाको सम्बृद्धिका लागि करको महत्व बिषयक सचेतनामुलक कार्यक्रम प्रभावकरी रुपमा संचालन गर्ने ।
- नेपालको संबिधान र स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र करका सम्भाव्यता अध्ययन गरि करको दायरा फराकिलो बनाउने
- राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्ने ।
- राजस्व छलि र चुहावट नियन्त्रण गर्न नियमित अनुगमन गर्ने ।

आज्ञाले,
भलाराम पंगाली
प्रमुख प्रशासकिय अधिकृत